प्रमुख संरक्षण अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
**सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय**
नाम्चे, सोलुखुम्बु

# शिलवन्दी बोलपत्र आह्वान गरिएको सूचना

(प्रभात दैनिकमा प्रथम पटक प्रकाशित मिति: २०७७/०८/१८)

यस कार्यालयको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलको कार्यक्रम सम्पन्न गर्नु पर्ने भएकोले ईच्छुक कानुन बमोजिम योग्य नेपाली नागरिक, फर्म तथा कम्पनीहरुबाट गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

मिति २०७७/०९/१७ गते शुक्रबार कार्यालय समय सम्ममा तपशिल अनुसारको नगद बुझाई यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी २०७७/०९/१९ गते आइतबार दिनको १२:०० बजे सम्म कार्यालयमा दाखिला गर्न सकिने छ ।

१. ईच्छुक बोलपत्र दाताले बोलपत्रपत्र सम्बन्धि कागजात प्राप्त गर्न आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, मू. अ. कर तथा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, आ.व. २०७६/७७ सम्मको कर चुक्ता प्रमाण पत्र लगायतका कागजातका प्रतिलिपिहरु र देहायमा निर्दिष्ट बोलपत्र दस्तुर वापतको रकम नगदी बुझाई सो को नगदी रसिद समेत संलग्न राखी निवेदन दिनुपर्नेछ ।

२. बोलपत्र सम्बन्धि कागजातहरु यस कार्यालयबाट खरिद गर्न सकिनेछ र यस कार्यालयमा रितपूर्वक सहिछाप गरी शिलवन्दी गरी दाखिला गर्नु पर्नेछ । यस बमोजिम दाखिला भएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको अपरान्ह २:०० बजे यस कार्यालयमा खोलिने छ ।

३. बोलपत्रको मान्य अवधि बोलपत्र खोलेको मितिले ९० दिनको हुने छ ।

४. बोलपत्र जमानत वापत निर्दिष्ट गरिएको रकम नगद वा सो रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंकबाट कुनै शर्त रहित जारि भएको १२० दिन मान्य अवधि भएको जमानत पत्र सो बोलपत्र साथ पेश गर्ने पर्ने छ ।

५. बोलपत्र दाताले सि.नं. १ मा उल्लेखित कागजातका अतिरिक्त खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो कुनै स्वार्थ नाबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले कुनै सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

६. एक भन्दा बढी ठेक्का प्रक्रियामा सहभागी हुने दरभाउपत्रदाताले प्रत्येक शिलवन्दीको लागि अलग अलग निवेदन, कागजात र दस्तुर तिरेको रसिद पेश गर्नु पर्ने छ ।

७. कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा कुनै विशेष कारण वश प्रस्तुत खरिद कारवाही आंशिक रुपमा वा पूर्ण बदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. यस सम्बन्धि अन्य व्यवस्था र शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुने छ ।

९. अन्य थप जानकारीका लिनु पर्ने भएमा यस कार्यालयको फोन नं. ०३८-५४०११४ मा सम्पर्क गर्न सकिने छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | स्थान | ल.ई.रकम भ्याट बाहेक | जमानत रकम रु. | खरिद प्रक्रिया र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | रा.नि.त.आ.आ.-०१/०७७/७८ | थुनुवा घर निर्माण-१ वटा | खुम्बु पासांगल्हामु गा.पा.- ५ | २१,६४,३०९/- | ७०,०००/- | सिलवन्दी बोलपत्र/ रु.३,०००/- |
| २ | रा.नि.त.आ.आ.-०२/०७७/७८ | पोष्ट भवन निर्माण -१ वटा | खुम्बु पासांगल्हामु गा.पा.- ५ | २१,६४,२९५/- | ७०,०००/- | सिलवन्दी बोलपत्र/ रु.३,०००/- |